शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८०/२/१८ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा ।
२. श्रोत अनुमान समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. २०८०/०८१ को वजेट शिलिङ्ग निर्धारण एवं नीति तथा कार्यक्रम छलफल सम्बन्धमा ।
४. विषयगत समितिका सुझावहरु माथि छलफल सम्बन्धमा ।
५. राय सुझाव संकलन कार्यक्रमको समिक्षा सम्बन्धमा ।
६. वजेट विनियोजन सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आ.व.को लागि राजश्व परामर्श समितिले पेश गरेको राजश्वको प्रतिवेदन माथि छलफल भयो । उक्त पेश भएको प्रतिवेदनमा उल्लेखित करका दरहरु मध्ये केही करका दरहरुमा संसोधन गरियो । आगामी आ.व.को लागि उक्त अनुसारको कर लागू गर्न स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा श्रोत अनुमान समितिले विगतको यथार्थ चालु आ.व.को संसोधन, आगामी आ.व.को प्रस्तावित अनुमानित र सो भन्दा २ वर्ष पछाडी सम्मको श्रोतको अनुमानित प्रतिवेदन आजको बैठकमा पेश भयो । सो प्रतिवेदनका आधारमा आ.व. २०८०/०८१ को वजेट निर्माण गर्न आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा श्रोत अनुमान समितिबाट पेश भएको अनुमानित श्रोत बमोजिम आगामी आ.व.को लागि वजेट निर्माण गर्ने सम्बन्धमा तपशिल बमोजिमको वजेट शिलिङ्ग निर्धारण गर्ने र उक्त योजना तर्जुमा तथा कार्यान्वयनका लागि तपशिल अनुसारका आधारहरु तय गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) सवै वडाहरुलाई रु ५० लाखका दरले वजेटको शिलिङ्ग उपलब्ध गराउने ।

(ख) वडाबाट पूर्वाधारका योजना बनाउदा रु २ लाख भन्दा कमका योजना बनाउन नपाईने ।

(ग) नगरपालिकाबाट पूर्वाधारका योजना बनाउदा रु ३ लाख भन्दा कमका योजना बनाउन नपाईने ।

(घ) कापासले योजना बनाउदा रु १ लाख ५० हजार भन्दा कमका योजना बनाउन नपाईने ।

(ङ) नगरसभा बाहेक योजना संसोधन नहुने ।

(च) विपद् र साझेदारी कार्यक्रममा बाहेक आगामी आ.व.मा कार्यपालिका बैठकबाट कुनै पनि प्रकारको वजेट विनियोजन नहुने ।

(छ) मिति २०८० आषाढ २ गते भित्र वडाबाट कार्यक्रम तर्जुमा गरी पेश गर्ने ।

(ज) वडाबाट पेश गर्दा वडा समितिको बैठकबाट भएको निर्णयको फोटोकपी समेत पेश गर्नु पर्ने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकामा रहेका सबै विषयगत समितिहरुबाट हाल सम्मको समिक्षा सहित आगामी कार्यक्रमको लागि सुझाव सहितका प्रतिवेदनहरु सम्बन्धित समितिबाट प्रस्तुत भयो । उक्त सुझावहरु मध्ये श्रोत अनुमान समितिले पेश गरेको वजेटलाई मुख्य आधार बनाउदै अनिवार्य समेट्नु पर्ने विषयहरुलाई क्रमस समेट्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको आगामी आ.व. २०८०/०८१ को वजेट निर्माण गर्ने सन्दर्भमा राय सुझाव संकलनको लागि मिति २०८०/२/१७ गते आयोजना गरिएको सर्वपक्षिय बैठकको समिक्षा गरियो । राजनितिक दल लगायत सवै पक्षबाट प्राप्त सुझाव समेतलाई सकेसम्म समेट्दै आगामी आ.व.को नीति, कार्यक्रम तथा वजेट निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा विभिन्न कारणले गर्दा तत्काल नगरी नहुने निम्न कार्यको लागि गत आ.व.को मौज्दात रकमबाट तपशिल बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) विद्युत पोल ढुवानी शिनपा ११ ढुङ्गेसेरा रु २२०००।-
(ख) विद्युत पोल ढुवानी शिनपा १२ दमारे रु ६००००।-
(ग) कृषि संकलन केन्द्र संरक्षण शिनपा ४ अमराई रु ५०००००।- (ग्याविन नगरपालिकाबाट दिने गरी)
(घ) सिमलपानी स्वास्थ्य चौकी खोल्टेपानी लिफ्ट खानेपानी मुहान जोड्ने बाटो निर्माण शिनपा १३ रु १५००००।-
(ङ) महेन्द्र आधारभुत विद्यालय ट्रष्ट निर्माण शिनपा १ रु १५००००।-
(च) राष्ट्रपति रनिङ्गसिल्ड नपुग रकम रु ११५०००।-
(छ) मेयर उपमेयर कप खेलकुद प्रतियोगिताको नपुग रकम रु १५००००।-
(ज) दहको फिरफिरेको विद्युत रकम भुक्तानी रु ३६०००।-
(झ) सुधा मा.वि. फिल्ड व्यवस्थापन रु ४०००००।-
(ञ) कृषि उपज संकलन केन्द्र व्यवस्थापन शिनपा ४ रु १०००००।-
(ट) सहकारीको तालिम नपुग रकम रु ८००००।-
(ठ) स्वास्थ्य शिविर जुकेना रु ५००००।-
(ड) स्वास्थ्य शिविर शिनपा १४ रु ४००००।-
(ढ) सूर्य ओडार ध्यान केन्द्र कार्यक्रम विविध खर्च रु ३००००।-
(ण) पालिका स्तरीय क्रिकेट खेलको नपुग रकम रु ३००००।-
(त) स्थानीय पाठ्पुस्तक लेखाईको नपुग रकम रु १५००००।-
(थ) वसेनी धोखोला मो.वा. मर्मत रु ६००००।-

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।